# नेपाल-चीन सिमानामा (रसुवागढी) भोटेकोशी बाढीसम्बन्धी आपत्कालीन अवस्था, खोज तथा उद्धार अपडेट-२०८३

## स्थिति प्रतिवेदन # ०४

(मिति:२०८३ भदौ १० गते राति ११:०० बजे सम्मको)

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित आपत्कालीन अवस्था तथा खोज तथा उद्धारका क्रममा भएका प्रमुख कार्यहरू समेटिएका छन्।

## मुख्य विवरण

- बाढी प्रभावित क्षेत्रमा हालसम्म १४४ जनाको शव फेला परेको, सनाखत हुन बाँकी।
- बाढी प्रभावित क्षेत्रमा कार्यरत ४४ जना नेपाली सेना, विभिन्न प्रहरी चौकीमा कार्यरत २८ प्रहरी र सशस्त्र प्रहरी बल नेपालका १३ जना सुरक्षाकर्मी सम्पर्कविहीन।
- नेपाल पर्यटन बोर्डका अनुसार प्रारम्भिक विवरण अनुसार प्रभावित क्षेत्रबाट २९१ जना विदेशी र ९३ जना नेपाली गरी कुल ३८४ जना यात्रु बेपत्ता भएका।
- रसुवागढी भन्सार, अध्यागमन कार्यालयलगायतका केही कर्मचारीसम्पर्कविहीन।
- बाढीका कारण ३५ वटा मोटरेबल पुल, ४५ वटा झोलुङ्गे पुल र ४० किलोमिटर पक्की सडक क्षतिग्रस्त।
- मानवीय तथा भौतिक क्षतिको विवरण संकलन जारी रहेको।

## संक्षिप्त सारांश

मिति २०८३ भदौ १० गते बिहान ८:४० बजे नेपाल-चीन सिमाना (रसुवागढी नाकाबाट करिब २० किमी उत्तरपूर्व) मा गएको हिम-चट्टान पहिरोका कारण ल्हेन्दे खोलामा गेग्ग्रानसहितको ठूलो बाढी आएको। तिब्बततर्फबाट भोटेकोशी नदी हुँदै आएको उक्त बाढी रसुवागढी, टिमुरे र स्याफ्रुबेसी भएर त्रिशूली नदीमा प्रवेश गर्दा रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवन जिल्लाका त्रीशुली नदीको तटीय क्षेत्रहरूमा गम्भीर जोखिम र संकटपूर्ण अवस्था सिर्जना भएको छ। बाढीका कारण नदी तटीय क्षेत्रका विभिन्न स्थानहरूमा ठूलो जनधनको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ।

विपद्पश्चात् खोज तथा उद्धार कार्यलाई तीव्र बनाउन रसुवा र नुवाकोटमा नेपाली सेना तथा निजी क्षेत्रका हेलिकप्टरहरू परिचालन गरिएका छन्। घाइतेहरूको उपचारका लागि नुवाकोट जिल्ला अस्पतालमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय ट्रमा सेन्टर, वीर अस्पताल र त्रि.वि. शिक्षण अस्पतालका चिकित्सकसहितका टोलीहरू खटाइएको छ।

प्रभावित क्षेत्रका बाढी पीडितहरूका लागि नेपाली सेनाको नजिकैको ब्यारेकमा तत्कालका लागि अस्थायी बसोबास, खानेकुरा, सफा खानेपानी र औषधीको प्रबन्ध गरिएको छ। अबको मुख्य प्राथमिकतामा घाइतेहरूको तत्काल उद्धार तथा उपचार, सम्पर्कविहीन नागरिकको खोजतलास, प्रभावितको सुरक्षा र राहत वितरण, क्षतिको विस्तृत विवरण संकलन, अवरुद्ध भौतिक पूर्वाधारहरू (सडक, पुल, जलविद्युत, सञ्चार, खानेपानी) को प्राथमिकताका आधारमा पुनर्निर्माण र विस्थापित परिवारको सुरक्षित स्थानमा पुनःस्थापना रहेका छन्।

## क्षति (हानि तथा नोक्सानी)

### मानवीय क्षति तथा घाइते

**शव फेला परेको १४४ जना**

- धादिङः १८ वटा
- नुवाकोट : ११ वटा
- रसुवा : १ वटा
- गोरखा :१९ वटा
- नवलपरासी पूर्व :२२ वटा
- तनहुँः ९ वटा
- चितवनः ६४ वटा

**सम्पर्क विहीनः २४५ जना**

- नेपाल प्रहरी : २६ जना
- नेपाल सेनाः ४४ जना
- सशस्त्र प्रहरी बल नेपाल :१३ जना
- रसुवा : १६१ जना (DEOC बाट प्राप्त)
- नुवाकोट :१ जना (DEOC बाट प्राप्त)

**घाइतेः ७५ जना**

- रसुवाः ४३ जना
- धादिङः ३ जना
- नुवाकोटः २७ जना

### पुल क्षति

बाढीले बगाएकोः ३५ वटा

झो.पु. बगाएकोः ४५ वटा

### खोज तथा उद्धार

**स्थलगत उद्धार गरिएको ९३ जना**

- रसुवा : ४३ जना
- नुवाकोट : ४७ जना
- धादिङ : ३ जना

**हेली उद्धारः ११६**

- नेपाली सेना मार्फतः ८८
- सिभिल हेली : २८ जना

नोटः खोज, उद्धार तथा राहत व्यवस्थापनको कार्य निरन्तर भइरहेको।

# नेपाल-चीन सिमानामा (रसुवागढी) भोटेकोशी बाढीसम्बन्धी आपत्कालीन अवस्था, खोज तथा उद्धार अपडेट-२०८३

## स्थिति प्रतिवेदन # ०४

(मिति:२०८३ भदौ १० गते राति ११:०० बजे सम्मको)

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित आपत्कालीन अवस्था तथा खोज तथा उद्धारका क्रममा भएका प्रमुख कार्यहरू समेटिएका छन्।

## प्रमुख घटनाक्रम तथा खोज, उद्धार र राहत प्रतिकार्य Timeline

- **बिहान ८:४० बजे** — चीनतर्फको माथिल्लो जलाधार क्षेत्रमा हिमपहिरो तथा गेग्रानका कारण नदीको बहाव अवरुद्ध भई अचानक खुलेपछि रसुवाको भोटेकोशीमा ठूलो बाढी प्रवेश; टिमुरे, स्याफ्रुबेसी, बेत्रावती, त्रिशूली, बट्टार, देवीघाटलगायत क्षेत्रमा क्षति।
- **०९:०० बजे** — बाढीसम्बन्धी प्रारम्भिक सूचना प्राप्त।
- **०९:१० बजे** — सम्बन्धित सूचना तथा जोखिमसम्बन्धी जानकारी विभिन्न माध्यमबाट सम्प्रेषण।
- **०९:३५ बजे** — प्रदेश, जिल्ला तथा स्थानीय तहका रेस्पोन्डरलाई उच्च सतर्कतासहित परिचालन गर्न नेपाल टेलिकम/एनसेलमार्फत अलर्ट जारी; सरोकारवाला निकायसँग निरन्तर समन्वय।
- **०९:४५ बजेबाट** — हवाई उद्धार सुरु; हालसम्म नेपाली सेना तथा निजी हेलिकप्टरमार्फत ११६ जनाको उद्धार।
- **१०:०० बजे** — मनसुन कमाण्ड पोस्टको आकस्मिक बैठक; प्रभावित जिल्लामा खोज, उद्धार, समन्वय तथा स्रोत परिचालन गर्ने निर्णय।
- **१०:३० बजे** — विमानस्थलमा Search & Rescue तथा Emergency Response Team तयारी अवस्थामा राखियो।
- **११:०० बजे** — सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठक; खोज, उद्धार तथा राहतलाई उच्च प्राथमिकता दिँदै थप हेलिकप्टर र ड्रोन टोली परिचालन।
- **१२:३० बजे** — मन्त्रिपरिषद्को बैठक बसी उद्धार, खोज र राहत तीव्र बनाउने निर्णय भएको।
- **लगातार** — भोटेकोशी—त्रिशूली तटीय क्षेत्रमा उच्च जोखिम घोषणा गर्दै रसुवा, नुवाकोट, धादिङ, गोरखा र चितवनका नदी किनारका बस्तीलाई सुरक्षित स्थानमा रहन अनुरोध।

## २०८३ भदौ १० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

- संवत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको सिमा क्षेत्र रसुवागढी र तल्लो तटीय क्षेत्रमा भोटेकोशी नदीमा आएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति नेपाल सरकारको तर्फबाट गहिरो दुःख प्रकट गर्दै उक्त घटनामा परि मृत्यु हुने मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने। शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने।
- उक्त घटनामा घाइते भएका व्यक्तिहरूको तत्काल निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाली सेना र सरकारी अस्पतालहरूले मिलाउने।
- उक्त घटनामा घाइते भएका एवं विचल्लीमा परेका व्यक्तिहरूको तत्काल उद्धार गरी सुरक्षित स्थानमा सार्ने व्यवस्था गृह मन्त्रालय र रक्षा मन्त्रालयले मिलाउने। यस कार्यको लागि नेपाली सेना तथा निजी क्षेत्रका हेलिकोप्टरको परिचालन गर्ने। माननीय गृहमन्त्रीलाई उद्धारमा आवश्यक सबै साधन (हेलिकोप्टरसहित) परिचालन गर्न निर्देशन दिने।
- घर/निवास गुमाएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा सारी खाने बस्ने व्यवस्था गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले मिलाउने।
- उक्त घटनाबाट अवरुद्ध हुन पुगेको सडकहरू पुनःसञ्चालन र उक्त क्षेत्रमा आवश्यक खानेपानीको व्यवस्था यथाशीघ्र पूर्वाधार विकास मन्त्रालयले मिलाउने।
- बाढीबाट अवरुद्ध हुन पुगेको विद्युत आपूर्ति यथाशीघ्र सञ्चालन गर्ने प्रबन्ध ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणले मिलाउने।
- अवरुद्ध हुन पुगेका दूरसञ्चारको तत्काल सञ्चालनको व्यवस्था सूचना तथा सञ्चार मन्त्रालयले मिलाउने।
- उक्त घटनाका मृतक परिवारलाई प्रचलित कानुनबमोजिमको आर्थिक सहायता तत्काल उपलब्ध गराउने।
- क्षति भएका सार्वजनिक संरचना तथा भौतिक पूर्वाधारको तत्काल सञ्चालन तथा पुनर्निर्माण गर्न आवश्यक पर्ने आर्थिक स्रोत परिचालनको समन्वय गर्ने जिम्मेवारी माननीय अर्थमन्त्रीलाई दिने।
- विपद्बाट प्रभावित जिल्लाका स्थानीय तहहरूलाई तीन महिना अवधिको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने।